# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर

## सुझाव तथा पृष्ठपोषण उपलब्ध गराउने सम्बन्धी सूचना

(प्रकाशित मिति: २०८२/१०/१४ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिम स्थापित परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा पेशागत सीप प्रमाणिका तथा पाठ्यक्रम विकास, सम्बन्धन तथा स्तर निर्धारण, कार्यक्रम कार्यान्वयन, गुणस्तर सुनिश्चितता, सीपको वर्गीकरण, परीक्षण एवं प्रमाणीकरण, कर्मचारी तथा प्रशिक्षकको क्षमता विकास, अध्ययन अनुसन्धान, सरोकारवालाहरूसँग समन्वय लगायतका कार्यहरू गर्दै आइरहेको यहाँहरूमा विदितै छ। यसै सन्दर्भमा परिषद् अन्तर्गतका कार्यालय तथा शिक्षालयबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी एवं गुणस्तरीय बनाउन यहाँहरूको रचनात्मक सुझाव तथा पृष्ठपोषणको अपेक्षा गरिएको छ। सुझाव तथा पृष्ठपोषण परिषद्को इमेल ठेगाना suggestions@ctevt.org.np मा पठाउन सकिने छ।